# विहादी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## वहाकीठाँटी, पर्वत

पत्र संख्या :- ०८१/८२

गण्डकी प्रदेश,नेपाल

मिति :- २०८१/१२/३१



## शुभकामना !

नयाँ उमंग, आशा, र सम्भावनासहित आगमन भएको नयाँ वर्ष २०८२ को यस सुखद अवसरमा म सम्पूर्ण विहादी गाउँपालिका वासी तथा स्वदेश र विदेशमा रहनु भएका नेपाली आमा वुवा दाजुभाइ-दिदीबहिनीहरूमा हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछु। पुरानो वर्षको अनुभूति, सिकाइ र सफलताहरुलाई आत्मसात गर्दै, नयाँ वर्षलाई अझ आशा, उर्जा, र उत्साहका साथ यो वर्ष समृद्धि, शान्ति, र विकासको दृष्टिकोणबाट विशेष बनोस्, सबैमा सकारात्मक ऊर्जा, उत्साह र प्रगतिको बाटो देखाओस् , सुख, शान्ति, समृद्धि, आपसी सद्भाव तथा भाइचारा अझ प्रगाढ होस, सबैको सुस्वास्थ्य, उन्नति तथा सफलताको कामना गर्दछु।

यो नयाँ वर्षले हाम्रो गाउँपालिका र सम्पूर्ण देशलाई प्रगति, समुन्नती र शान्तिको बाटोमा डोऱ्याउन सकोस् भन्ने कामना गर्दछु। विहादी गाउँपालिकाको विकास र यहाँका नागरिकहरूको खुसी नै हाम्रो प्रमुख लक्ष्य हो। नयाँ वर्षमा हामी सबैले हातेमालो गरेर गाउँपालिकालाई अझ सुन्दर, समुन्नत र विकसित बनाउन थप ऊर्जाका साथ काम गर्ने प्रतिज्ञा गर्दछौं। शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र पूर्वाधार विकासलाई प्राथमिकतामा राख्दै हामी सबैको सहभागितामा गाउँपालिकालाई एक उत्कृष्ट गन्तव्य बनाउने हाम्रो संकल्प छ।

यस नयाँ वर्षमा हामीले हाम्रा सामाजिक सद्भाव, आपसी सहयोग र एकतालाई अझ बलियो बनाउनुपर्नेछ। सबै मिलेर अगाडि बढे मात्र हामीले **"समुन्नत विहादी र सम्मानीत विहादीवासी"** को परिकल्पना साकार पार्न सक्नेछौं। **अन्त्यमा,** नयाँ वर्ष २०८२ ले यहाँहरू सबैको जीवनमा सुख, शान्ति, समृद्धि र सुस्वास्थ्य ल्याओस् भन्ने कामना गर्दछु।

**अध्यक्ष**
**परविन गुरुङ**